## १. पृष्ठभूमि

प्रदेश नं. १ अन्तरगतको सुनसरी जिल्लामा अवस्थित बराहक्षेत्र नगरपालिका एक मिश्रीत विशेषता बोकेको ऐतिहासिक नगरपालिका हो । साविकका भरौल, प्रकाशपुर, मधुवन, बराहक्षेत्र र महेन्द्रनगर गाविसहरु मिलेर बनेको यो नगरपालिका २२२.०९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ ।

नगरक्षेत्रको विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार मानिन्छ । शिक्षाले व्यक्तिको सर्बाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ । नगरक्षेत्रको आर्थिक, सामाजिक, सांस्कृतिक एवम दिगो विकासका लागि शिक्षित जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । नगरक्षेत्रको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । “समृद्ध नगर, सुखी नगरवासी” हाम्रो स्पष्ट अठोट रहेको परिपेक्षमा अनिवार्य आधारभुत शिक्षा, प्राविधिक तथा सीपमूलक, वैज्ञानिक, व्यावहारिक, व्यवसायिक एवं गुणस्तरीय माध्यमिक शिक्षा समृद्ध हाम्रो नगरको आधारशीला हो । नगरको समुल विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नगरवासीको समतामूलक र न्यायोचित पहूँच स्थापित गर्नु आजको आवश्यकता हो । नेपालको संविधान २०७२ ले व्यवस्था गरेको शिक्षा सम्बन्धि संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न एक व्यवस्थित र वैज्ञानिक शिक्षा प्रणालीको विकास जरुरी भएको छ । नगरको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्ने लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गर्नु पर्दछ । समग्र नगरको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीतिमार्फत प्रतिविम्बित हुने गर्दछ । हरेक नगरपालिकाको शिक्षा नीतिले आफ्नो स्थानिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा बराहक्षेत्र नगरपालिकाले नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, प्रचलित शिक्षा ऐन तथा नियमावलीका आधारमा समग्र शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा यो शिक्षा नीति २०७६ तर्जुमा गरेको हो ।

## २. विगतको प्रयासहरु

नेपाल सरकारले शिक्षालाई राष्ट्रिय विकासको आधारको रुपमा लिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता सहित विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरू अघि बढाएइरहेको परिपेक्षमा नेपालको संविधान, आवधिक विकास योजना, दिगो विकास लक्ष्य, बार्षिक नीति तथा कार्यक्रम मार्फत आर्थिक-सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न शिक्षालाई राष्ट्रिय विकासको महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसात गरेकोमा बराहक्षेत्र नगरपालिकाले नगरको शिक्षा सम्बन्धि कार्यविधि

२०७५, नगर शिक्षा ऐन २०७६, नगर शिक्षा योजना एवम् विभिन्न कार्यविधि र वार्षिक निती तथा कार्यक्रम अनुसार शिक्षा सुधारका कार्यहरू गर्दै आएकोमा नेपालको राष्ट्रिय शिक्षा नीति २०७६, अनौपचारिक शिक्षा, विशेष शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र शिक्षाका विविध तालिम एवम् समावेशी, बालमैत्रि, समाहित, भयरहित, लैङ्गिकमैत्रि शिक्षाको संस्थागत तथा नीतिगत प्रयासहरूको जगमा आधारित रही बराहक्षेत्र नगरपालिकाको शिक्षामा समयानुकुल परिवर्तन गर्न यो शिक्षा निती आवश्यक रहेको छ ।

**३. वर्तमान अवस्था**

शिक्षा क्षेत्रमा बराहक्षेत्र नगरपालिकाले विगतमा गरेका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेको परिपेक्षमा यस नगरपालिकामा पूर्व प्राथमिक शिक्षामा कूल भर्नादर १८२ प्रतिशत पुगेको छ । प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ४९.५ पुगेको छ । आधारभूत तह (कक्षा बाल देखि ५), र माध्यमिक तह (कक्षा ९ देखि १२) को खुद भर्नादर क्रमशः ९०.८१ प्रतिशत, र ५८.५६ प्रतिशत पुगेको छ । कक्षा १ देखि ५ र कक्षा ६ देखि ८ सम्मको औषत सिकाइ उपलब्धि क्रमशः ५४.६७ प्रतिशत र ४७.०५ प्रतिशत रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल ७७,६०४ जनसंख्या रहेको यस नगरपालिकामा आधारभूत तथा माध्यमिक तहमा सामुदायिक विद्यालयमा १४,४५७ जना, संस्थागत विद्यालयमा १०६१० जना, धार्मिक विद्यालयमा ५६६ जना गरि कुल २५,६३३ जना विद्यार्थी भर्ना भई अध्ययन गरिरहेका छन् । विद्यालय दोहोर्‍याउने दर आधारभूत तह (कक्षा १-५) मा ८.८ प्रतिशत र आधारभूत तह (कक्षा १-८) मा ८.१९ प्रतिशत तथा माध्यमिक तह (कक्षा ९-१०) मा १.६ प्रतिशतमा झरेको छ । नगरक्षेत्र भित्र सार्वजनिक/सामुदायिक ५२ माध्यमिक (कक्षा बाल देखि १२ सम्म भएका ६, कक्षा बाल देखि १० सम्म भएका ०९ गरी जम्मा ) १५ , आधारभुत (कक्षा बाल देखि ८ सम्म भएका १२ वटा, कक्षा बाल देखि ५ सम्म भएका २५ गरी जम्मा ) ३७ र निजी ३१ माध्यमिक (कक्षा बाल देखि १२ सम्म भएको २, कक्षा बाल देखि १० सम्म भएका १३ गरी जम्मा ) १५ , आधारभुत (कक्षा बाल देखि ८ सम्म भएका ९, कक्षा बाल देखि ५ सम्म भएका ७ गरी जम्मा ) १६ वटो, धार्मिक ५ (माध्यमिक १, आधारभुत ४) गरी ८८ वटा विद्यालयहरू र (विद्यालय भित्र ७७ र समुदायमा ७ गरी जम्मा) ८४ वटा वालविकास केन्द्रहरु स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षामा पहूँच बढाउन विभिन्न संस्थाहरुको मद्दतमा अनौपचारिक शिक्षाका अवसरहरू उपलब्ध गराइएकाछन् । वि.सं. २०६८ को जनगणनामा १५

बर्षमाथिको जनसंख्याको साक्षरता दर ९५.८५ प्रतिशत रहेको थियो अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर विस्तार गर्नका लागि ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू स्थापना भई सञ्चालनमा आएका छन् । उच्च शिक्षाका क्षेत्रमा २ वटा सामुदायिक क्याम्पसहरु स्थापना भई सञ्चालन भइरहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत हालसम्म एउटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ । त्यसैगरी माध्यमिक शिक्षा (कक्षा ९-१२) मा एउटा सार्वजनिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । समग्रमा अहिले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूको संख्या २ वटा पुगेका छन ।

जनशक्ति तर्फ सामुदायिक विद्यालयमा ४११, संस्थागत विद्यालयमा ३९२ र धार्मिक विद्यालयमा २६ गरी कुल ९१३ शिक्षकहरु तथा सामुदायिक विदालयमा ६४ जना कर्मचारीहरु नगरक्षेत्र भित्र कार्यरत छन । नगरक्षेत्रका विद्यालयमा २५३ भवन, ५८३ कक्षाकोठा, ६,१६३ जोर फर्निचर, १६ विज्ञान प्रयोगशाला, १८ पुस्तकालय, २५ वास सुविधा सहितको शैचालय, ५० कोठामा बुक बर्नर, साना ठुला गरी ४७ खेल मैदान, १८ वटा ICT कक्षा, छात्रावास सहितको विद्यालय एक, चमेनागृह सहितको विद्यालय ३, सिकाइ क्षेत्र सहितको ECD कक्षा ४५ वटा भौतिक सुविधाको रुपमा रहेको छ । त्यस्तै नगरपालिकाको शैक्षिकक्यालेण्डर अनुसार २३७ दिन विद्यालय खुल्ने अवस्था रहेतापनि सबै विद्यालयहरु-ले वास्तविक तथ्याङ्क (EMIS) मा नभरेकाले सही तथ्याङ्क प्राप्त हुन नसकेको अवस्था रहेको ।

## ४. मुख्य समस्या तथा चुनौति

नेपालको समग्र शिक्षा प्रणालीले हासिल गरेका उपलब्धीको आधारमा बराहक्षेत्र नगरपालिकाले आफ्नो शिक्षा क्षेत्रमा सुधार गर्न विविध चुनौती र समस्याहरुको सामना गर्नु परीरहेकोछ । जस अन्तर्गत शिक्षामा मुलतः प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम रहनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्यून रहनु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू विद्यालय भर्ना भए पनि नटिक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नरहनु, माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, प्राविधिक शिक्षाको प्राप्ती सहज नहुनु, सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम गर्न कठिनाई हुनु, स्थानिय पाठ्यक्रम तयार पारी कार्यान्वयन गर्न नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून रहनु, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहूँच विस्तार

पर्याप्त मात्रामा हुन नसक्नु, सेवाप्रवाह प्रणाली जनमैत्री नहुनु, शिक्षण प्रक्रिया अधिक परीक्षामुखी हुनु, शिक्षकको पेसागत सक्षमता, नैतिकता र उत्प्रेरणामा कमी रहनु, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू सेवामुखि भन्दा नाफा उन्मुख रहनु, सुरक्षित विद्यालयको अवधारणा अनुसार विद्यालय संरचना तयार हुन नसक्नु, अंग्रेजी माध्यमको शिक्षणमा अभिभावकको आकर्षण बढी रहनु, विद्यालयहरुमा सुचना प्रविधिका सामाग्रीहरुको न्युन पहुच रहनु, विव्यस गठनमा सहमति जुटाउन कठिन हुनु, विद्यालय स्वस्वास्थ्य सेवा प्रभावकारी नहुनु, अधिकांश विद्यालयहरुमा स्वीपर, चौकिदार, लाइब्रेरियन, सुरक्षा गार्ड तथा कम्प्यूटर शिक्षकको व्यवस्था नहुनु, आधारभूत विद्यालयहरुमा कार्यालय सहायकको व्यवस्था नहुनु, केही विद्यालयहरुमा मात्र स्वच्छ पिउने पानी,जंकपुड रहित राम्रो सरसफाइ  सहितको व्यवस्थित चमेनागृहको व्यवस्था हुनु जस्ता समस्याहरू बराहक्षेत्र नगरपालिकाको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् । सार्वजनिक शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरूबीच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहीता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु, विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु, सार्वजनिक शिक्षामा सबै नगरवासीको विश्वास जगाउने वातावरण सिर्जना गर्नु र संविधान प्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्नु शिक्षा क्षेत्रका प्रमुख चुनौती हुन् ।

**५. शिक्षा नीतिको आवश्यक्ता**

नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी हक तथा अधिकार, शिक्षा निति २०७६, शिक्षा ऐन तथा नियमावली, स्थानिय सरकार संचालन ऐन २०७४, भयमुक्त सिकाइ वातावरणका निमित नीतिगत व्यवस्था २०६७ ,उच्चस्तरीय शिक्षा आयोग २०७४ को कार्य प्रगति तथा सिफारिसहरु, सुरक्षित विद्यालय नीति २०७३, SSDP का कार्यक्रमहरु, दिगो विकास लक्ष्यका कार्यक्रमहरु, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५, विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका २०७१, पन्धौं योजनाको आधारपत्र, बृहत विद्यालय गुरुयोजना (CSSMP) २०१६–३० आदि यो शिक्षा नीति तर्जुमाका मूल आधार हुन् । गुर्णस्तिरीय शिक्षा प्राप्त गर्ने नगरवासीको अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नगर शिक्षा नीति आवश्यक परेको हो । संघीय ढाँचा अनुरूप स्थानिय तहमा प्राप्त शिक्षा सम्बन्धि

अधिकारलाई कार्यान्वयन गर्न शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी नगरवासीको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल यो शिक्षा नीतिको जरुरत परेको हो । त्यसैगरी छरिएर रहेका स्थानिय तहमा प्राप्त शिक्षा सम्बन्धि अधिकारहरुलाई सहज र सरल रुपमा कार्यान्वयन गर्न आवश्यक नगर शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो बराहक्षेत्र नगरपालिकाको शिक्षा नीति तर्जुमा गर्नु परेको हो ।

**६. दूरदृष्टि**

" गुणस्तरीय र प्राविधिक शिक्षाका आधारमा शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रुपान्तरण र समृद्धि"

**७. लक्ष्य**

बराहक्षेत्र नगरपालिकाको शिक्षालाई समावेशी सिद्धान्तका आधारमा सहज, सुलभ, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक, गुणस्तरीय र समतामूलक बनाउने ।

**८.उद्देश्य**

**८.१** बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु ।

**८.२** आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु ।

**८.३** गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु ।

**८.४** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूको व्यापक विस्तारमा सहयोग गर्नु ।

**८.५** उच्च शिक्षाको पहूँच र गुणस्तर अभिबृद्धिमा सहयोग गर्नु ।

**८.६** नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।

**८.७** सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी बनाउन सहयोग गर्नु ।

**८.८** शैक्षिक सुशासन कायम गर्नु ।

**८.९** निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु ।

**८.१०** शैक्षिक गुणस्तर मानक र मापदण्डका आधारमा शिक्षाको गुणस्तर अभिबृद्धि गर्नु ।

**८.११** नगरक्षेत्र भित्रको शिक्षामा पर्याप्तता (Sufficiency), समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी बढाउनु ।

**८.१२** विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्न सहयोग गर्नु ।

**८.१३** सिकाइमा सुचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नु ।

८.१४ विपद् जोखिमन्यूनीकरण, विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहितको सुरक्षित विद्यालय तयार गर्नु ।

## ९.रणनीतिहरु

**९.१** उपयुक्त पूर्वाधारसहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर पविस्तार गर्ने । (८.१)

**९.२** स्थानिय सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने । (८.१)

**९.३** अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गराउने एवं भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गर्ने साथै आधारभूत तहमा एकीकृत ढाँचाको पाठ्यक्रम विकास गर्ने । (८.२)

**९.४** सान्दर्भिक एवं गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहूँच सुनिश्चितता गर्न औपचारिक, अनौपचारिक, बैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने । (८.२ र ८.३)

**९.५** माध्यमिक शिक्षामा स्थानिय सरकार, निजी क्षेत्र र सहकारी समेतको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने । (८.३)

**९.६** स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्न सहयोग गर्ने । (८.४)

**९.७** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा विभिन्न सरोकारवालाहरूको सहभागिता एवं साझेदारीमा दिगो लगानी सुनिश्चित गर्ने । (८.४)

**९.८** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने । (८.४)

**९.९** श्रम बजारको आवश्यकता एवं प्राथमिकताका आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सबैलाई प्रदान गर्ने । (८.४)

**९.१०** विश्वसनीयता एवं प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला शिक्षा मार्फत शिक्षामा पहूँच अभिबृद्धि गर्ने । (८.५)

**९.११** उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापनमा सहयोग प्रदान गर्ने । (८.५)

**९.१२** साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आवद्ध गर्ने । (८.६)

**९.१३** परम्परागत/ धार्मिक शिक्षाको मूलप्रवाहीकरण गरी विद्यालय शिक्षामा पहूँच अभिबृद्धि गर्ने । (८.६)

**९.१४** भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउने । (८.७)

**९.१५** अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउन सहयोग गर्ने । (८.७)

**९.१६** दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्न आवश्यक सहयोग गर्ने । (८.८)

**९.१७** विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिबृद्धि गर्ने । (८.८)

**९.१८** संघिय तथा प्रदेश सरकार संगको समन्वयमा शैक्षिक सेवाप्रदायक संरचनाहरूलाई आवश्यकता अनुसार पुनःसंरचना, सुदृढीकरण र सवलीकरण गरी दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाउने । (८.८)

**९.१९** विद्यालय र प्राविधिक शिक्षा प्रदायक सार्वजनिक, सामुदायिक तथा निजी शिक्षण संस्थाहरूको नक्साङ्कन, समायोजन र स्तरोन्नति गर्ने । (८.८)

**९.२०** सूचना तथा सञ्चार प्रबिधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकिकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने । सङ्घ, प्रदेश र स्थानीय स्तरमा अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को सुदृढीकरण गर्ने । (८.८)

**९.२१** अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने । (८.९)

**९.२२** विद्यालय शिक्षातर्फ कम्पनीको रुपमा सञ्चालित निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन गर्ने । (८.९)

**९.२३** शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने । (८.१०)

**९.२४** विद्यालय शिक्षा तथा उच्च शिक्षामा स्थानिय सरकारको लगानी बृद्धि गर्ने । (८.११)

९.२५ विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी क्रमशः बृद्धि गर्दै जाने र यस क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा स्रोत परिचालनमा सहयोग गर्ने । (८.११)

९.२६ आवश्यकताका आधारमा शिक्षक एवम् विद्यालय कर्मचारीको दरबन्दिको व्यवस्था नगरपालिकावाट पनि गर्ने । (८.११)

९.२७ विज्ञानलाई शिक्षा र शिक्षालाई विज्ञानमा आधारित बनाई वैज्ञानिक अध्ययन र चिन्तन मनन् गर्ने प्रवृत्ति एवम् व्यवहारको विकासमा सहयोग प्रदान गर्ने । (८.१२)

९.२८ विद्यालयका कक्षाकोठा सम्म सूचना प्रविधिलाई पुर्‍याउन सहयोग गर्ने । (८.१३)

९.२९ सुरक्षित सिकाइ सुविधाहरुँ संरचनाहरुको लेखाजोखा, विद्यालय विपद व्यवस्थापन योजना निर्माण एवं जोखिम न्यूनीकरण तथा उत्थानशिल शिक्षाका कक्षा संचालनमा सहयोग गर्ने । (८.१४)

## १०. नीति तथा कार्यनीति

शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य र रणनीतिहरूको परिधिभित्र रही देहायबमोजिमका नीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ । यस नीति दस्तावेजमा रहेका कतिपय सान्दर्भिक विषयहरू प्रदेश र स्थानीय तहबाट पनि कार्यान्वयन हुनेछन् भने प्रदेश र स्थानीय तहले स्थानीय आवश्यकता अनुसार यो नीति प्रतिकूल नहुने गरी आफ्नै रणनीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछन् ।

### (क) प्रारम्भिक बालविकास तथा शिक्षा

**नीति १०.१ नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गर्ने ।**

**१०.१.१** प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा शिशु स्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार तयार गरी बाल स्याहार तथा सिकाइ सहजीकरण गर्न सक्ने योग्यता र क्षमता भएको जनशक्ति प्रबन्ध गर्न आबश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१०.१.२ तोकिएको मापदण्डका आधारमा सबै विद्यालयहरूमा बालविकास कक्षा र विद्यालय बाहिर बालविकास केन्द्र र बालविकास तथा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ ।

**१०.१.३** स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा वा टोलमा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान निर्माण गरिनेछ ।

**१०.१.४** विद्यालयमा सञ्चालन गरिने प्रारम्भिक बालविकास कक्षा विद्यालयको हाताभित्र भौतिक संरचना खडा गरी सञ्चालन गर्नुका साथै विद्यालय टाढा भएका कारण बालविकास कक्षाको पहूँचभन्दा बाहिर रहेका बालबालिकालाई लक्षित गरी नजिकको विद्यालयको समन्वयमा समुदायस्तरमा वैकल्पिक प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.१.५** तीन/चार वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा नेपाल सरकार र प्रदेश सरकारको अनुदान तथा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा कम्तिमा एक वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.१.६** सीमान्तकृत समूहका बालबालिकाहरूको समेत पहूँच सुनिश्चित गरी आवश्यकताको आधारमा हालको बालविकास केन्द्रहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।

**१०.१.७** पाँच बर्षभन्दा कम उमेरका बालबालिकाहरूको स्याहार, पोषण र स्वास्थ्य विकासका लागि अभिभावकको लगानीमा विद्यालयभित्र वा बाहिर बालविकास तथा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सकिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.२ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास शिक्षकहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्ने ।**

**१०.२.१** प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका लागि विद्यार्थी संख्याका आधारमा आवश्यक शिक्षकको आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.२.२** प्रारम्भिक बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षकको न्यूनतम् योग्यता माध्यमिक शिक्षा परीक्षा (कक्षा दश) वा सो सरह हुने गरी कानूनी व्यवस्था मिलाइने छ ।

**१०.२.३** प्रारम्भिक बालविकास शिक्षकलाई प्रचलित कानुनमा व्यवस्था भएबमोजिम न्यूनतम् पारिश्रमिक र सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ । त्यस्ता शिक्षकको कार्य सम्पादनको आधारमा प्रत्येक वर्ष मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

**नीति १०.३ प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रमा बालबालिकाको सर्वाङ्गीण विकास तथा आधारभूत शिक्षाको तयारीका लागि पर्याप्त पूर्वाधार व्यवस्था गरी अभिभावकको समेत सहभागितामा बालविकास कक्षामा गुणस्तरीय पूर्वाधार र गतिविधिहरू व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाइने ।**

**१०.३.१** बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त अभिभावकलाई प्रेरित गर्न स्थानीय तहका शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका निकायहरूको संयुक्त सहभागितामा अभिभावक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.३.२** मिश्रित भाषिक समूह भएका कक्षामा मातृभाषामा आधारित बहुभाषिक माध्यममा सिक्न पाउने अवसर प्रदान गर्ने योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.३.३** प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सरसफाइ, हेरचाह, खाजा तथा अन्य कार्यमा सहयोग पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

**१०.३.४** प्रारम्भिक बालविकास कक्षामा बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने खालका आवश्यक सामग्री व्यवस्था गरिनेछ ।

**१०.३.५** प्रारम्भिक बालविकास कक्षाको अनुगमन निरीक्षण गर्नका लागि नगर शिक्षा समिति मातहत रहने गरी प्रारम्भिक बालविकास उपसमिति गठन गरी परिचालन गरिनेछ ।

**१०.३.६** बालविकास कक्षा तथा बालविकास केन्द्रहरूको अनुगमन तथा निरीक्षणका लागि संयन्त्र विकास गरिनेछ ।

**(ख) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा**

**नीति १०.४. सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहूँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।**

**१०.४.१** विद्यालय र नगरपालिकाको सहकार्यमा शैक्षिक सत्रको आरम्भमा विधार्थी भर्ना अभियान सञ्चालन गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय ल्याई अनिवार्य तथा निःशुल्क शिक्षाको ब्यबस्था सुनिश्चित गरिनेछ ।

**१०.४.२** आधारभूत विद्यालय उमेर समूहका आफ्ना परिवारका बालबालिकाहरूलाई विद्यालय भर्ना नगराएमा कानून बमोजिम दण्डित हुने तथ्य अभिभावकहरूलाई बोध गराउन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.४.३** सामान्यतया आधारभूत तहका बालबालिकाले आधा घण्टाको दुरीभन्दा बढी हिंड्नु नपर्ने गरी विद्यालयको नक्शाङ्कन, समायोजन र मिलान गरिनेछ ।

**१०.४.४** अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सही रुपमा कार्यान्वयन भए नभएको एकिन गर्न स्थलगत रुपमा अनिवार्य अनुगमनको व्यवस्था मिलाइनेछ ।

**नीति १०.५ विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोका आधारमा सबै प्रकारका आधारभूत बिद्यालयहरूलाई सेवाक्षेत्रको अवधारणा अनुरुप ब्यबस्थित गर्ने ।**

**१०.५.१** विद्यालय सेवा क्षेत्र निर्धारणका आधार, निर्धारित मापदण्ड र मानक अनुसार विद्यालय सेवाक्षेत्रको अवधारणा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

**१०.५.२** सबै बालबालिकाहरूलाई नजिकको विद्यालयमा अध्ययन गर्न प्रेरित गरिनेछ ।

**नीति १०.६ आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।**

**१०.६.१** विद्यालय बाहिर रहन सक्ने सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.६.२** आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाइने छ ।

**१०.६.३** अनिवार्य शिक्षाका मापदण्ड तथा सूचकहरू निर्धारण गरी सोको प्राप्ति भए नभएको सम्बन्धमा आवधिक रुपमा मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनेछ ।

**१०.६.४** वालवालिकको स्वास्थ्य एवं अध्ययन निरन्तरताको लागि विद्यार्थी दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**१०.६.५** आर्थिक रूपले विपन्न दलित, विपन्न जनजाति, विपन्न सीमान्तकृत, विपन्न द्वन्द्वपीडित तथा कठिन परिस्थितिमा रहेका अभिभावकका छोराछोरीलाई उनीहरूको अवसर लागतलाई समेत दृष्टिगत गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइनेछ ।

**नीति १०.७ आधारभूत शिक्षामा आवश्यक जनशक्ति व्यवस्थापन, भौतिक एवं शैक्षिक पूर्वाधार व्यवस्था र शिक्षण सिकाइ प्रक्रियामा सुधार गरी गुणस्तर अभिबृद्धि गर्ने ।**

**१०.७.१** आधारभूत विद्यालयहरूलाई विद्यालयहरूको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्याय हेरी सेवाक्षेत्रको नक्शांकनका आधारमा समायोजन गरिनेछ ।

**१०.७.२** सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गरिनेछ ।

**१०.७.३** बालबालिकालाई अध्ययनको निरन्तरताका लागि विभिन्न प्रोत्साहनको व्यवस्था गर्दै बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ ।

**नीति १०.८ नेपालको भाषिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषाको अतिरिक्त मातृभाषामा आधारित बहुभाषिक शिक्षा, नेपाली र अंग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रुपमा व्यवस्थापन गर्ने ।**

**१०.८.१** आधारभूत तहमा अनिवार्य नेपाली भाषाका साथै सम्बन्धित विद्यार्थीको मातृभाषालाई पढाइको माध्यम बनाइनेछ । साथै गणित, विज्ञान र कम्प्युटर विषयलाई अङ्ग्रेजी भाषामा पनि अध्यापन गर्न सकिने व्यवस्था गरिनेछ ।

**१०.८.२** मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सामग्रीहरू (विद्युतीय सामग्रीहरू समेत) तयार गर्न सरोकारवाला तथा विज्ञहरू परिचालन गरी निर्माण, छपाइ, वितरण, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

**१०.८.३** स्थानीय तहद्वारा आफ्नो स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

**१०.८.४** नेपाली भाषाको शिक्षणलाई प्रबर्द्धन गर्दै नेपाली मौलिक कला, संस्कृति, सामाजिक अध्ययन सम्बन्धी विषय नेपाली भाषामा पठनपाठन गरिनेछ तर बहुभाषी कक्षाकोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धतिलाई प्रोत्साहित गरिनेछ ।

**१०.८.५** गणित, अंग्रेजीभाषा, सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका विषयहरूमा शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित विद्यालयहरूलाई सक्षम बनाइनेछ ।

**१०.८.६** मातृभाषाको संरक्षण र सम्बर्द्धन गर्न विद्यालयस्तरीय पाठ्यक्रम तथा पाठ्यसामग्रीमा मातृभाषालाई उचित स्थान दिइनेछ ।

**१०.८.७** स्थानिय मातृभाषामा सञ्चार सामग्री वा श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गर्ने विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१०.८.८. आधारभूत तहमा स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

**(ग) माध्यमिक शिक्षा**

**नीति १०.९ माध्यमिक विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने ।**

**१०.९.१** विज्ञान, संगीत, खेलकुद, आयुर्वेद, जडिबुटी, कृषि, भेटेरिनरी, इन्जिनियरिङ्ग लगायत विभिन्न विधाका विशिष्टिकृत माध्यमिक विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापनमा सहयोग गरिनेछ ।

**१०.९.२** माध्यमिक तहका कक्षाहरूमा अङ्ग्रेजी वा नेपाली वा दुबै भाषाका माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइन आवश्यक सहयोग गरिनेछ ।

१०.९.३. विज्ञान तथा प्रविधिक विषयको पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई आवस्यक पर्ने विषयगत जनशक्ति व्यवस्थापन गरिने छ ।

१०.९.४  सामुदायिक विद्यालयहरुमा दातासमेतको सहयोगमा र संस्थागत विद्यालयमा विद्यालयको तर्फवाट छात्रा आराम कक्ष निर्माण गरि प्रयोगमा ल्याइनेछ । छात्राहरुलाई तोकिए बमोजिम निःशुल्क सेनिटरी प्याड वितरणको व्यवस्था गरिने छ ।

**नीति १०.१० माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्न  विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।**

**१०.१०.१** माध्यमिक शिक्षा प्राप्त गर्न चाहने सबैका लागि माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्न उपयुक्त कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**१०.१०.२** माध्यमिक शिक्षा अन्तर्गत कक्षा नौ र दशमा स्वेच्छिक रुपमा व्यावसायिक शिक्षा लिन पाउने व्यवस्था गर्नुका साथै माध्यमिक शिक्षा अन्तर्गत दश कक्षा पूरा गरिसकेपछि प्राविधिक तथा व्यावसायिक सीप विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.१०.३** माध्यमिक विद्यालयमा भौतिक तथा शैक्षिक पूर्वाधार, पठनपाठन प्रक्रिया, सिकाइ वातावरणमा सुधार गरी गुणस्तर अभिबृद्धि गरिनेछ ।

**(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम**

**नीति १०.११ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने** ।

**१०.११.१** श्रम बजारको आवश्यकताका आधारमा संघिय एवं प्रादेशिक सरकारसंग समन्वय गरी तोकिएको मापदण्डका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको स्थापना गरिनेछ । यस कार्यमा मुनाफा नलिने निजी र सहकारी क्षेत्रलाई समेत सहभागी गराइनेछ ।

**१०.११.२**  प्राविधिक शिक्षालय वा विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा तह सम्म) का कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गरिनेछ ।

१०.११.३ संघिय तथा प्रादेशिक सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप बिकास सम्बन्धी कानुन बनाई संचालित कार्यक्रमहरूको नगरपालिकावाट नजिकमा रहेर अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

**(ङ) उच्च शिक्षा**

**नीति १०.१२ उच्च शिक्षामा समन्वय र अनुदान प्रदान गर्ने**

**१०.१२.१** उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पसहरुको संस्थागत क्षमता विकासमा समन्वय र अनुदान प्रदान गरिनेछ ।

**१०.१२.२** उच्च शिक्षा अध्ययनरत अपांग, विपन्न तथा जेहेन्दार बिद्यार्थीहरुका लागि प्रोत्साहन छात्रबृत्ती प्रदान गरिनेछ ।

१०.१२.३. कक्षा ११ र १२ सञ्चालन भएका सामुदायिक विद्यालयहरु र ऋतभ्ख्त वाट सम्वन्धन प्राप्त गरी प्राविधिक शिक्षा प्रदान गरिरहेका सामुदायिक विद्यालयहरुलाई विषयगत जनशक्ति व्यवस्थापनका लागि वार्षिक रुपमा एकमुष्ठ सञ्चालन अनुदान प्रदान गरिने छ ।

**(च) अनौपचारिक, जीवन पर्यन्त, परम्परागत र खुला शिक्षा**

**नीति १०.१३ सामुदायिक पुस्तकालय र सामुदायिक सूचना केन्द्रलाई सामुदायिक सिकाइ केन्द्रसँग जोडेर सुदृढ सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गरी आजीवन सिकाइ र निरन्तर शिक्षाको केन्द्र बनाउने ।**

**१०.१३.१** सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयहरूलाई संरक्षण, सुद्ढीकरण एवं विकास गर्ने र पुस्तकालय तथा वाचनालयको पहूँच नपुगेका स्थानमा योजनाबद्ध रूपमा विस्तार गर्दै लगिनेछ ।

**१०.१३.२** कम्तीमा एउटा सार्वजनिक पुस्तकालयलाई आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ ।

**१०.१३.३** संघ तथा प्रदेश सरकारको समन्वय र सहयोगमा पुस्तकालयलाई जीवनोपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवं यस्ता पुस्तकालयबाट सबै वडाहरूमा स्याटलाईट पुस्तकालय तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिनेछ ।

**१०.१३.४**. आधारभूत तहदेखि उच्च शिक्षासम्म सबै शैक्षिक संस्थाहरूमा पुस्तकालय विकास, व्यबस्थापन तथा सञ्चालनको मापदण्ड तयार गरी पर्याप्ति सन्दर्भसामग्री सहितका पुस्तकालयहरू स्थापनामा जोड दिइनेछ ।

**१०.१३.५** आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गरिनेछ ।

**नीति १०.१४ अनौपचारिक, खुला र परम्परागत बिद्यालयबाट प्रदान गरिने शिक्षालाई राष्ट्रिय शिक्षा प्रणालीमा आबद्ध गरी औपचारिक विद्यालय शिक्षाको समकक्षी बनाउने ।**

**१०.१४.१** पूर्ण साक्षर नगरपालिका घोषणा गरी शिक्षित नगर बनाउनमा केन्द्रित आजीवन सिकाइका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**१०.१४.२** धार्मिक प्रकृतिका परम्परागत विद्यालयको नियमन र सहजीकरणका लागि आवश्यक समन्वय र सहयोग गर्न सकिनेछ ।

**(छ) समावेशी र विशेष शिक्षा**

**नीति १०.१५ अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने ।**

**१०.१५.१** अपाङ्गता भएका, अशक्त र घरबाट विद्यालय आवतजावत गर्न असमर्थ तर विद्यालयमा अध्ययन गर्न सक्ने बालबालिकाका लागि पायक पर्ने स्थानमा आवश्यकताको आधारमा छात्रावाससहितको "विशेष विद्यालय" सञ्चालन गरिनेछ ।

**१०.१५.२** अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी सम्भव भएसम्म अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गरिनेछ ।

**१०.१५.३** अपाङ्गता तथा फरक क्षमता भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउनका लागि व्यावसायिक सीप सिक्ने अवसर प्रदान गरिनेछ ।

**१०.१५.४** साधारण अवस्थाका बालबालिकासँग बसेर अध्ययन गर्न सक्ने अपाङ्गता भएका बालबालिकाहरूका लागि अपाङ्गताको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरू (जस्तैः ह्वील चेयर, छडी, ब्रेल पुस्तक, सांकेतिक चित्र आदि) को समुचित प्रबन्धका लागि समन्वय र सहयोग गरिनेछ ।

**१०.१५.५** सबै प्रकारका अपाङ्गता भएका बालबालिकहरू (शारीरिक अपाङ्गता, सुनाइ अपाङ्गता, दृष्टि अपाङ्गता, स्वर र बोलाई अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजम अपाङ्गता र बहु अपाङ्गता) को पठनपाठनमा सहजता ल्याउन शारीरिक तथा बौद्धिक क्षमता अनुसारको अपाङ्गमैत्री भौतिक पूर्वाधार तथा सिकाइ वातावरणको प्रबन्ध गरिनेछ ।

**१०.१५.६** सबै बालबालिकालाई सक्षम बनाउन बालबालिकाहरूको अवस्था र प्रकृति हेरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको व्यवस्था मिलाइनेछ ।

**१०.१५.७** सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेल लिपिमा मात्र सीमित नगराई अन्य उपकरणको प्रयोगबाट सिक्न सक्ने सम्भाव्य विकल्पको खोजी गरी उपयुक्त अवसर प्रदान गरिनेछ ।

**१०.१५.८** अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइनेछ ।

**नीति १०.१६ आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गर्ने ।**

**१०.१६.१** विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाती, सीमान्तकृत र लोपोन्मुख समुदायहरूको वाहुल्यता भएका विद्यालयहरुमा समुदायको भाषा र पृष्ठभूमि बुझ्ने शिक्षकको व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

**१०.१६.२** विद्यालयमा महिला शिक्षकको सहभागितामा वृद्धि गरीनेछ ।

**१०.१६.३** दलित, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछि परेका समुदाय तथा क्षेत्र, विशेष प्रतिभावान् व्यक्ति र विशिष्टीकृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि लगानी गरी शिक्षाको प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.१६.४** विद्यालयको नेतृत्वमा महिलाको प्रतिनिधित्व अभिबृद्धि गर्न क्षमता विकासमा जोड दिई प्रधानाध्यापक नियुक्तिमा महिलालाई प्राथमिकता दिइने व्यवस्था अवलम्बन गरिनेछ ।

**१०.१६.५** गरिब तथा विपन्न विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरीने छ ।

**१०.१६.६** शिक्षाका सबै तहमा (प्रारम्भिक बालविकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म) समावेशीकरण सम्बन्धी मुद्दालाई उचित सम्बोधन गरिनेछ ।

**१०.१६.७** आर्थिक रूपले विपन्न र मानव विकास सूचकाङ्कमा पछि परेका वर्गलाई प्राथमिकता दिँदै स्टेसनरी, दिवा खाजा र पोशाक निःशुल्क उपलब्ध गराउँदै जाने व्यवस्था मिलाइनेछ ।

**१०.१६.८** बालबालिकामा छुवाछुतका कारण हुने मनोवैज्ञानिक प्रभाव र भेदभावलाई अन्त गर्न विद्यालयमा छुवाछुत प्रथा पूर्ण रूपमा उन्मूलन गर्दै सबैलाई समान व्यवहार र सिकाइमा समान अवसर प्रदान गर्न विद्यालय तथा शिक्षकहरूलाई पूर्ण जिम्मेवार बनाइने छ ।

**(ज) शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन**

**नीति १०.१७ विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरूको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिबृद्धि गर्नुका साथै शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने ।**

**१०.१७.१** स्थायी दरबन्दीमा शिक्षक सेवा आयोगको सिफारिसमा मात्र स्थायी शिक्षक नियुक्ति गरीनेछ ।

**१०.१७.२** वद्यालयका शिक्षकहरूको प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.१७.३** सबै सार्वजनिक विद्यालयको गुणस्तरमा सुधार ल्याउन विद्यार्थी-शिक्षक अनुपात हेरी सबै विद्यालयमा पाँच वर्षभित्र योग्य, दक्ष र स्वःउत्प्रेरित बिषय शिक्षकको व्यवस्था गरिनेछ ।

**१०.१७.४** विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

**१०.१७.५** शिक्षकलाई पेसाप्रति थप जवाफदेही बनाइने छ । शिक्षकको सक्षमता, विद्यार्थीको सिकाइ उपलब्धि, सिकाइ क्रियाकलाप सम्बन्धमा गरिएका अनुसन्धान, शैक्षिक सामग्री निर्माण, नवप्रवर्तनात्मक कार्य, अतिरिक्त र सहक्रियाकलाप सञ्चालन, पेसागत जिम्मेवारी तथा जवाफदेहिता बहन जस्ता स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

**१०.१७.६** आवश्यकता अनुसार शिक्षकको विन्यासको व्यवस्था गरिनेछ । त्यसरी विन्यास गर्दा महिला तथा अपाङ्गता भएका शिक्षकलाई सकेसम्म अनुकुल हुने गरी सरूवा गरिनेछ । जनसांख्यिक संरचना, विद्यालय तथा विद्यार्थी संख्यामा आएको परिवर्तन र भौगोलिक अवस्था समेतका आधारमा शिक्षक दरबन्दी मिलान तथा वितरण गर्ने गरीनेछ ।

**१०.१७.७** शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा आवश्यकताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गरीने छ ।

**१०.१७.८** बार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका विद्यालय तथा शिक्षकलाई प्रशंशा, पुरस्कार तथा सम्मान गर्ने व्यवस्था गरिनेछ ।

१०.१७.९ नियम अनुसार सुत्केरी विदामा बसेका महिला शिक्षक, ३० दिन भन्दा लामो अबधिको बेतलवी विदा लिएका शिक्षक तथा ३० दिन भन्दा लामो अबधिको विमारी विदा लिएका शिक्षकहरुको

विकल्पमा शिक्षण सिकाइ प्रक्रियालाइ सुचारु राख्न विद्यालयलाइ आवश्यक न्यूनतम अनुदान उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**नीति १०.१८ विद्यालयमा अध्यापन बाहेकका सरसफाई, सूचना संप्रेषण, कार्यालय व्यवस्थापन, प्रयोगशाला व्यवस्थापन, पुस्तकालय व्यवस्थापन जस्ता कार्यको लागि आवश्यक संख्यामा कर्मचारीको व्यवस्था गर्ने ।**

**१०.१८.१** संघ तथा प्रदेश सरकारले उपलब्ध गराएका विद्यालयमा प्रशासन, लेखा, स्वास्थ्य र सहयोगी सेवाका लागि आवश्यक कर्मचारी विद्यालयलाई वितरण गरिने छ । त्यस्ता कर्मचारीहरूलाई प्रचलित कानूनमा व्यवस्था भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा उपलब्ध गराइने छ ।

**१०.१८.२** शिक्षक सेवा आयोगबाट सिफारीस भइ आएका विद्यालय कर्मचारीलाई स्थायी नियुक्ती गरीनेछ ।

**१०.१८.३** हाल कार्यरत विद्यालय कर्मचारीहरूलाई प्रोत्साहन गर्ने व्यवस्था गर्न गरीनेछ ।

१०.१८.४ आवस्यकताका आधारमा सामुदायिक विद्यालयहरुमा कर्मचारी संख्या थप गर्दै लगिने छ ।

**नीति १०.१९ शिक्षकलाई समय सापेक्ष तालिमको व्यवस्था गर्ने ।**

**१०.१९.१** शिक्षकको पेसागत सक्षमता अभिबृद्धि गर्नका लागि तालिम दिने व्यवस्था गरिनेछ ।

**नीति १०.२० विद्यालय र समुदायबीच सहयोगात्मक र सहकार्यात्मक साझेदारी निर्माण गर्दै विद्यालय विकासका लागि प्रभावकारी रुपमा परिचालन गर्ने ।**

**१०.२०.१**. विद्यालय र समुदायका बीच जीवन्त सम्बन्ध निर्माण गर्न, विद्यालय सम्वन्धी नीतिगत निर्णय गर्न, बिद्यालय र समुदायको बीच पुलको रूपमा काम गर्न र विद्यालयका लागि समुदायको तर्फबाट सहयोग जुटाउन विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार र जवाफदेही बनाउन सहयोग गरीनेछ ।

**१०.२०.२** विद्यालय र समुदायको अन्तरसम्बन्ध सुदृढ गरी समुदायमा विद्यमान रैथाने र परम्परागत ज्ञान र सीप विद्यालयको शिक्षण सिकाइको अङ्गका रूपमा उपयोग गर्नुका साथै समुदायको समग्र विकास र विपद् व्यवस्थापनका कार्य गर्न विद्यालयका शिक्षक र विद्यार्थी परिचालन गरिनेछ ।

**१०.२०.३** शिक्षा क्षेत्र र शैक्षिक संस्थाहरूमा छुवाछुत, बालश्रम र लैंगिक हिंसा एवं दुर्व्यवहारको विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । त्यस्ता घटनाको रोकथाम र नियन्त्रणका लागि शिक्षण संस्थामा परामर्श सेवाको व्यवस्था गरिनेछ ।

**१०.२०.४** विद्यालयको योजना तर्जुमा, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पाठ्यक्रम निर्माण जस्ता शैक्षिक क्रियाकलापहरूमा समुदायलाई सहभागी गराइनेछ ।

**१०.२०.५**. विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयले समुदाय तथा आफ्ना अभिभावकहरूसँग अनिवार्य रुपले निरन्तर सम्वाद र अन्तरक्रिया गर्ने व्यवस्था मिलाइने छ ।

**नीति १०.२१ विद्यालयको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्द्धन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने ।**

**१०.२१.१** स्थानीय जनप्रतिनिधि, शिक्षक, अभिभावक, समाजसेवी, शिक्षाप्रेमी, चन्दादाता, संस्थापक लगायतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.२१.२** विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत साधन विद्यालयलाई उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**१०.२१.३** विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन तथा सञ्चालनको सन्दर्भमा नगरपालिकाको सहयोगी संयन्त्रका रूपमा विकास गरिनेछ ।

**१०.२१.४** शैक्षिक व्यवस्थापनको क्षमता अभिबृद्धि तथा संस्थागत विकासका निमित्त प्रधानाध्यापक, शिक्षक, कर्मचारी एवं व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**१०.२१.५** सार्वजनिक विद्यालयको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परिक्षणलाई विद्यालय अनुदानको लागि अनिवार्य सर्तका रूपमा व्यवस्था गरिनेछ । यस्तो सामाजिक परीक्षणको प्रतिवेदन अभिभावको भेलामा सार्वजनिक गराइनेछ ।

**नीति १०.२२ विद्यालय नेतृत्वको भूमिका सवलीकरण गर्न प्रधानाध्यापकको योग्यता, सक्षमता र कार्य सम्पादनका आधारमा छनौट प्रक्रियालाई योग्यता प्रणालीमा आधारित एवं पारदर्शी बनाउने ।**

**१०.२२.१** सार्वजनिक विद्यालयको शैक्षिक नेतृत्व र व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रधानाध्यापकलाई जिम्मेवार एवं अधिकार सम्पन्न बनाइनेछ ।

**१०.२२.२**. प्रधानाध्यापकलाई विद्यालय सञ्चालनको पूर्ण जिम्मेवारी दिई नतिजाका आधारमा मूल्याङ्कन गर्ने गरिनेछ ।

१०.२२.३ सम्बन्धित तहमा पाँच वर्षको शिक्षण अनुभवप्राप्त, योग्य, सक्षम र क्षमतावान शिक्षकलाई तोकिए अनुसार प्रधानाध्यापक बनाइनेछ ।

**नीति १०.२३ शिक्षालयहरूका शैक्षिक तथ्याङ्कलाई Cloud प्रविधिमार्फत् व्यवस्थापन गर्नुका साथै नीति निर्माण गर्न आवश्यक तथ्याङ्क सङ्कलन, प्रशोधन र सम्प्रेषणका लागि वास्तविक समय (Real Time) मा सूचना प्राप्त गर्न उपयुक्त प्रविधि पूर्वाधार तथा संरचना बनाउने ।**

१०.२३.१ शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गरी खण्डीकृत तथ्याङ्क व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई सक्षम र जिम्मेवार बनाइनेछ ।

१०.२३.२ सबै तहका विद्यार्थी, शिक्षक, कर्मचारी, संरचना, नीति, रणनीति तथा परिणामको स्वचालित रूपमा जानकारी पाउने गरी तयार पारीएको शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२३.३ अन्लाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रयोग गरी दोहोरो सञ्चारको वातावरण निर्माण गरीनेछ ।

**नीति १०.२४ शिक्षक तथा कर्मचारी र पदाधिकारीहरूलाई आफ्नो जिम्मेवारी वहन गर्दै पेसा वा जिम्मेवारीप्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने एवं पेसागत हक हित संरक्षणका लागि एकल पेसागत संगठन स्वीकार गर्ने ।**

१०.२४.१ सबै तह र प्रकारका शिक्षण संस्थामा काम गर्ने शिक्षक, प्रधानाध्यापक तथा कर्मचारी र पदाधिकारीको पेसागत आचारसंहिता (Professional Code of Conduct) लागू भए नभएको अनुगमन गरिनेछ ।

१०.२४.२ विद्यालयका शिक्षक तथा कर्मचारीको पेसागत हकहित संरक्षण र पदीय जिम्मेवारीप्रति उत्तरदायी बनाउन एकल पेसागत संगठन मात्र रहने व्यवस्था गरिनेछ ।

१०.२४.३ प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामा आधारित बनाउन कार्यसम्पादन सम्झौता गरिनेछ ।

१०.२४.४ विद्यालय, प्राविधिक शिक्षालय वा शिक्षण संस्थाका शिक्षक र कर्मचारीले तोकिएको दैनिक कार्य समयावधिभर शिक्षासँग सम्बन्धित बाहेक अन्य कुनै पनि पेसामा आबद्ध हुने वा कुनै पनि गैरसरकारी संस्थाका गतिविधि वा राजनीतिक क्रियाकलापमा सहभागी हुने कार्यमा रोक लगाइनेछ ।

**१०.२४.५** विद्यालय शान्ति क्षेत्र (School as Zone of Peace) को अवधारणालाई कार्यान्वयन गर्दै शिक्षालयहरुलाई दण्डरहीत (Non-Violence) शिक्षण सिकाइ गर्ने थलोको रुपमा विकास गरिनेछ ।

**नीति १०.२५ नेतृत्व सवलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणाली सवलीकरण अभियान सञ्चालन गर्ने ।**

**१०.२५.१** शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ, विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र नगरपालिका प्रति जवाफदेही बनाइनेछ ।

**१०.२५.२** विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्न शिक्षकको कार्यसम्पादनका बस्तुनिष्ठ सूचकहरूका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको पद्धति लागू गरिनेछ ।

**१०.२५.३** स्थानिय रुपमा शिक्षण पेसामा मेधावी विद्यार्थीहरूलाई आकर्षित गर्न छनौट प्रणालीलाई बस्तुनिष्ठ तथा विश्वसनीय बनाइनेछ ।

**१०.२५.४** आवधिक रूपमा सबै प्रकृतिका विद्यालयको सिकाइ स्तर जाँच गर्ने र देखिएका समस्या पहिचान गरी सुधारका उपायहरू अवलम्बन गर्ने प्रणाली विकास गरिनेछ ।

**नीति १०.२६ सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरूको प्रभावकारी नियमन गर्ने ।**

**१०.२६.१** पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमा, कर पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारको स्थिति समेतका आधारमा निजी लगानीका विद्यालयहरूको प्रभावकारी नियमन गरिनेछ ।

**१०.२६.२** पालिकामा स्थापना भई सञ्चालनमा रहेका सबै प्रकारका विद्यालयहरूमा पूर्वाधार, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रक्रिया, गुणस्तर, परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा समान ढाँचा बनाई लागू गरिनेछ ।

**१०.२६.३** प्रचलित कानून बमोजिम विद्यालयको दर्ता, नामाकरण, सञ्चालन तथा व्यवस्थापन नगर्ने निजी लगानीका विद्यालयलाई कारबाही गरिनेछ । त्यस्ता विद्यालयहरूको लेखा प्रणालीमा पारदर्शिता कायम गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.२६.४** निजी लगानीमा सञ्चालित विद्यालयहरूले १० देखि १५ प्रतिशत बिद्यार्थीहरूलाई पायक पर्ने विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरिनेछ । सोको लागि विपन्न जेहन्दार, विपन्न दलित, अपाङ्गता भएका विपन्न व्यक्ति, विभिन्न विधामा प्रतिभावान् व्यक्ति लगायत लक्षित वर्गको पहिचान र छनौट गर्ने कार्यविधि बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.२६.५** निजी लगानीका विद्यालयमा अध्यापन गर्ने शिक्षकहरूले समेत अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिनेछ ।

**नीति १०.२७ शिक्षा क्षेत्रमा छायाँ शिक्षाको रूपमा रहेका ट्युसन सेन्टर र कोचिङ सेन्टर लगायत शैक्षिक सेवा प्रदायक संस्थाहरूलाई मापदण्डका आधारमा सञ्चालन, नियमन र व्यवस्थापन गर्ने ।**

**१०.२७.१** ट्यूसन तथा कोचिङ्ग कक्षाको अनुमति, नियमन लगायतका कार्यहरू स्थानीय तहबाट हुने व्यवस्था गरिनेछ ।

**१०.२७.२** ट्युसन सेन्टर र कोचिङ्ग सेन्टर लगायतका शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धमा स्पष्ट मानक तथा मापदण्ड बनाइ लागू गरिनेछ ।

**(ञ) शिक्षामा गुणस्तर**

**नीति १०.२८ विद्यालय शिक्षामा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी जिम्मेवारीका लागि किटान भएको पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने ।**

**१०.२८.१** राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधीनमा रही स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन, पाठ्यसामग्री वितरण, पाठ्यक्रम कार्यान्वयन लगायतका कार्य गरिनेछ । विद्यालयहरूले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने गरी जिम्मेवारी किटान गर्न कानूनी व्यवस्था मिलाइनेछ ।

**१०.२८.२** पाठ्यक्रम सम्बन्धी आ-आफ्नो कार्यक्षेत्रमा आ-आफ्नो जिम्मेवारी अनुरूप कार्य गरी स्थानीय तथा राष्ट्रिय परिवेश र भूमण्डलीकरणको सन्दर्भलाई समेत समेटी पाठ्यक्रमको विषयवस्तुलाई सान्दर्भिक बनाउनुका साथै एक आपसमा अन्तर सम्बन्धित बनाइनेछ ।

**१०.२८.३** आवधिक रुपमा स्थानीय पाठ्यक्रमको पुनरावलोकन गरी परिमार्जन गर्ने तथा आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रमका पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको अद्यावधिक गरिनेछ ।

**१०.२८.४** बिद्यालयहरुमा बहुकक्षा शिक्षण गर्न सकिने व्यवस्था अवलम्बन गरिनेछ ।

**१०.२८.५** परियोजना कार्य प्रस्तुतीकरण, समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारूको समुदाय वा परिवारमा आधारित खोजमुखी कार्य र तिनको संक्षिप्त प्रतिवेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकालाई परीक्षण र मूल्याङ्कनका साधनका रूपमा संस्थागत गरिनेछ ।

**१०.२८.६** शिक्षालाई व्यावहारिक एवं प्रयोगात्मक बनाउँदै विद्यार्थीहरूमा बहुप्रतिभाको विकास, सिर्जनात्मक क्षमता अभिबृद्धि, समालोचनात्मक दृष्टिकोण र सञ्चार सीप विकासका लागि खोज तथा अन्वेषणमा आधारित विद्यार्थी केन्द्रित शिक्षण सिकाइ रणनीतिहरू अवलम्बन गर्नुका साथै विद्यार्थीहरूको उमेर, रूचि, क्षमता, परिवेश लगायतका पक्षहरूलाई दृष्टिगत गर्दै गृहकार्य सम्बन्धी मापदण्ड एवं कार्यविधि निर्माण गरी लागू गरिनेछ ।

**१०.२८.७** विद्यालय पाठ्यक्रममा आधारित पठन पाठन पद्धतिको विकास गर्नुका साथै पाठ्यक्रमको गुणस्तरीयतालाई कार्यान्वयन गर्न शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक अभ्यास जस्ता रचनात्मक एवं सृजनात्मक पक्षलाई ध्यान दिई तद्अनुरूप विद्यार्थीको प्रत्यक्ष सहभागितामा ज्ञान, सीप, क्षमता र सोच विकास गर्ने खालका शिक्षण सिकाइ विधि, प्रविधि र प्रक्रिया अवलम्बन गरिनेछ ।

**१०.२८.८** आधारभूत तहको कक्षा एकदेखि तीनसम्म एकीकृत पाठ्यक्रममा आधारित कक्षा शिक्षण वा बहुकक्षा शिक्षण पद्धति अपनाइनेछ । चार कक्षाभन्दा माथिल्ला कक्षाहरूमा विषयगत शिक्षण पद्धति लागू गरिनेछ ।

**१०.२८.९** स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण र कार्यान्वयनका लागि विद्यालय र नगरपालिकाको क्षमता विकास गरिनेछ । पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गरिनेछ ।

**१०.२८.१०** विद्यालय शिक्षामा अपनाइएको निर्माणात्मक तथा निर्णयात्मक मूल्याङ्कन प्रणालीको पुनरावलोकन गरी सुधार गरिनेछ ।

**१०.२८.११** आधारभूत तह (कक्षा ८) को अन्त्यको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१०.२८.१२ विद्यार्थी मूल्याङ्कन अन्तर्गत व्यावहारिक मूल्याङ्कनको विद्यमान पद्धतिको पुनरावलोकन गर्दै प्रयोगात्मक परीक्षा, व्यावहारिक अभ्यास, इन्टर्नसीप जस्ता परीक्षण विधिहरूको प्रयोगात्मक मूल्याङ्कन र विद्यालयमा आधारित मूल्याङ्कन सम्बन्धी कार्यको निरीक्षण र बाह्य अडिट गर्ने प्रवन्ध गरिनेछ ।

**नीति १०.२९ सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने ।**

१०.२९.१ विद्यालय तहमा शिक्षकको निरन्तर पेशागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुका साथै शिक्षकको निरन्तर पेशागत विकास कार्यलाई विद्यार्थी सिकाइ उपलब्धीसँग आबद्ध गरिनेछ ।

१०.२९.२ आधारभूत तहका शिक्षकले बिषयगत शिक्षण, बहु कक्षा शिक्षण, कक्षा शिक्षण पद्धति सम्बन्धी ज्ञान र सीप हासिल गरी पठनपाठनमा सो को प्रभावकारी प्रयोग गर्न सक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०.२९.३ शिक्षक तालिम तथा क्षमता विकासका कार्यक्रमहरू मार्फत विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग, कला र गणित (Science, Technology, Engineering, Art and Mathematics-STEAM) सँग सम्बन्धित विषयवस्तुहरू शिक्षण गर्न शिक्षकको पेशागत दक्षता अभिवृद्धि गरिनेछ ।

१०.२९.४ शिक्षक तालिमको लागि प्रदेश सरकारको सहयोगमा शिक्षण एकेडेमी वा शिक्षण कलेज वा तालिम प्रदायक संस्था/व्यक्तिसित सम्झौता गर्ने र सम्झौता बमोजिम शिक्षकको क्षमता विकास तालिम सञ्चालन गरी सक्षमता अभिबृद्धि गरिनेछ ।

१०.२९.५ विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरू (कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्वन, शिक्षक नेटवर्क, सहकार्यात्मक रूपमा गरिने अनुसन्धान (Collaborative Research), मेन्टरीङ, कोचिङ आदि) सञ्चालन गरिनेछ ।

१०.२९.६ सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीब्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (Face To Face), विद्यालयमा आधारित(School-based), मिश्रित ( Blended), अनलाईन (Online) तथा भर्चुअल (Virtual) पद्धतिबाट तालिम सञ्चानल गरिनेछ ।

१०.२९.७ एउटै बिद्यालय वा छिमेकमा रहेका विद्यालयका शिक्षकहरूबीच पेसागत साझेदारी, अनुभव आदान प्रदान तथा कक्षा अबलोकन गरी एक अर्काबाट सिक्ने व्यवस्था मिलाइनेछ ।

**नीति १०.३० विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवं हरित विद्यालयको रुपमा विकास गर्ने ।**

**१०.३०.१** मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाइनुका साथै पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र शिक्षक व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रुपमा सुरक्षित बनाउन सहयोग गरिनेछ । विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।

**१०.३०.२** सबै विद्यालयहरूको स्तरोन्नति गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयको रूपमा विकास गर्दै लगिनेछ ।

**१०.३०.३** विद्यालय तथा शिक्षालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस अनिवार्य गरिने छ । विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गरिनेछ ।

**१०.३०.४** विद्यालय तथा शिक्षालयहरूमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवं व्यवहारीक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय तथा शिक्षालय सम्बन्धी अनुकरण (Simulation) र अभ्यास (Drill) का क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

**१०.३०.५** नगरपालिकाले शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्ने व्यवस्था गर्नेछ । सामुदायिक सिकाइ केन्द्रलाई विपद् सिकाइ केन्द्रका रूपमा समेत विकास गरिनेछ ।

**१०.३०.६** विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने र सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**१०.३०.७** विद्यार्थी, शिक्षक, अभिभावक, नगरपालिका, समुदाय र सम्बन्धित संघसंस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान, विद्यालय जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री बनाइनेछ ।

**नीति १०.३१ विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई विकेन्द्रित गरी प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गर्ने ।**

**१०.३१.१** विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणको व्यवस्था मिलाइनेछ । अनुगमन तथा सुपरिवेक्षण गर्दा अवस्थाअनुसार स्थलगत तथा विद्युतीय दुबै प्रकारबाट हुने व्यवस्था मिलाइनेछ ।

**१०.३१.२** परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

**१०.३१.३** विद्यालयको समग्र अवस्था र सुपरिवेक्षण कार्यको प्रभावकारिता अनुगमन र मूल्याङ्कन गरिनेछ ।

**१०.३१.४** सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपेरिवेक्षण गर्ने परिपाटी शुरू गरिनेछ ।

**१०.३१.५** शिक्षा क्षेत्रको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक पर्ने संस्थागत संयन्त्र, प्रक्रिया, मापदण्ड र सूचक निर्धारण गरी नगरपालिका अन्तर्गतका निकायहरूको जिम्मेवारी एवं जवाफदेहिता किटान गरिनेछ ।

**नीति १०.३२ आधारभूत तथा माध्यमिक बिद्यालयका निर्धारित गुणस्तर मानक तथा सूचकहरूको कार्यान्वयन तथा आवधिक समीक्षा गर्ने ।**

**१०.३२.१** आफ्नो क्षेत्र भित्रका आधारभूत तथा माध्यमिक विद्यालयको हरेक बर्ष भौतिक अवस्था, शैक्षिक अवस्था, सिकाइ वातावरण, सिकाइ उपलब्धि स्तर, बालबालिकाको व्यावहारिक परिवर्तन, शिक्षकको कार्य सम्पादनस्तर, विद्यालय- समुदाय सम्बन्ध, शैक्षिक नेतृत्व, स्रोत परिचालन जस्ता पक्षहरूको मूल्याङ्कन गरी विद्यालयहरूको स्तरीकरण गरी सोको नतिजा बार्षिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

**१०.३२.२** विद्यार्थी संख्या, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, विद्यालयको तह, परीक्षाको परिणाम, गुणस्तर, खेलकूद, अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलाप, व्यवस्थापकीय कुशलता तथा प्रभावकारिताका आधारमा विद्यालयहरूको स्तर निर्धारण गरिनेछ ।

**१०.३२.३** संघीय सरकार/प्रदेश सरकारले विकास गरेका आधारभूत तथा माध्यमिक तह पूरा गरे पश्चात बालबालिकाले हासिल गर्नुपर्ने सिकाइ सक्षमताहरूका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, शिक्षक तालिम, शिक्षक छनोट, शिक्षण सिकाइ प्रक्रिया सञ्चालन र विद्यार्थी मूल्याङ्कन गर्न आवश्यक निर्देशनहरू कार्यान्वयन गरिनेछ ।

**१०.३२.४** भौगोलिक अवस्था, जनसंख्या, सामर्थ्य र पूर्वाधार विकासको स्थितिलाई आधार मानी अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन आधारभूत तथा माध्यमिक विद्यालयको विभिन्न कक्षामा शिक्षक विद्यार्थी अनुपातलाई समयानुकूल पुनरावलोकन गरिनेछ ।

**नीति १०.३३ सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै विद्यालय तथा शिक्षण संस्था प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने ।**

**१०.३३.१** विद्यालय तथा शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्दै उच्च गतिको इन्टरनेट सेवाको क्रमशः विस्तारमा सहयोग गरिनेछ ।

**१०.३३.२** सिकारू केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रूपमा सञ्चालन गर्न सर्वव्यापी सिकाइ तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरू जस्तैः ट्याब्लेट, स्मार्ट फोन, मोबाइल आदिको प्रयोगमा जोड दिनुका साथै नयाँ प्रवेश गरेका शिक्षकको क्षमता विकासका लागि सेवा प्रवेशको सुरूका केही वर्षमा एकजना अनुभवी र दक्ष शिक्षकको नजिक बसेर सिक्ने अवसर दिन “मेन्टर शिक्षक” को व्यवस्था गरी सबै शिक्षकलाई प्रविधि प्रयोगमा सक्षम तुल्याइनेछ ।

**१०.३३.३** विद्यालय शिक्षामा प्रारम्भिक तहदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गरिनेछ ।

**१०.३३.४** विद्यालय, प्राविधिक शिक्षालय र सबै शिक्षण संस्थाहरूमा अनलाइनमा आधारित सामग्रीहरू प्रयोग गर्न अनुकूल एवम् सुरक्षित वातावरण तयार पार्न सहयोग गरिनेछ ।

**१०.३३.५** अन्लाइन् सेवा प्रवाह प्रणाली मार्फत सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउन सहयोग गरिनेछ ।

**१०.३३.६** शिक्षण संस्था, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रुपमा एकिकृत गर्दै प्रविधिमा आधारित पठन पाठन प्रक्रियाको अवलम्बन गर्न पूर्वाधार विकास, शिक्षक क्षमता अभिबृद्धि र अनुकूल वातावरण निर्माणमा सहयोग गरिनेछ ।

**(ट) शिक्षामा लगानी**

**नीति १०.३४ शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न समग्र शिक्षा बजेट र कार्यक्रमको पुनःसंरचना गर्ने तथा विभिन्न तह वा निकायबाट हुने कामको दोहोरोपना कम गर्न सार्वजनिक जवाफदेही पद्धति अवलम्बन गर्दै आवश्यकता तथा अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गर्ने ।**

**१०.३४.१** शैक्षिक लगानी वितरण र विनियोजनका लागि आवश्यक मापदण्ड र आधार तय गरिनेछ ।

**१०.३४.२** नगर पालिकाको समग्र आर्थिक तथा सामाजिक विकास, राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूलाई सम्बोधन गर्न विज्ञान तथा प्राविधिक शिक्षामा लगानी बढाइनेछ ।

**१०.३४.३** शिक्षामा लगानी क्रमशः बृद्धि गर्दै लगिनेछ ।

**१०.३४.४** विद्यालय विकासका लागि अभिभावक, व्यक्ति वा संस्थाले समेत स्वेच्छिक योगदान गर्न सक्ने गरी विद्यालय कोष स्थापना गर्न सकिनेछ । सबै प्रकारका विद्यालय तथा शिक्षालयहरूको आर्थिक कारोवार बैकिङ् प्रणाली मार्फत गर्दै पारदर्शी र व्यवस्थित बनाइनेछ ।

**१०.३४.५** शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा, संरक्षण र सम्वर्द्धन गर्दै यसलाई सेवामूलक बनाउने र निजीरूपमा लगानी गर्ने व्यक्ति, कम्पनी, कर्पोरेट हाउस, बैङ्क तथा वित्तीय संस्थाहरू लगायतका संस्थाहरूले कर्पोरेट सार्वजनिक उत्तरदायित्व(Corporate Social Responsibility) बहन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**१०.३४.६** हरेक शिक्षण संस्थाहरूले विभिन्न आर्थिक र अन्य स्रोत परिचालन गरी शिक्षा कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, पूर्व विद्यार्थी, ब्यापारी वा अन्य दातृ संस्था, व्यक्ति वा निकायबाट शिक्षण संस्थाको बिकासको निमित्त दान वा आर्थिक सहयोग लिन सक्ने कानूनी व्यवस्था गरिनेछ ।

**नीति १०.३५ शिक्षा विकासका निम्ति स्थानीय शिक्षा कोष खडा गरी त्यस्तो कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत, विभिन्न सङ्घ/संस्था र**

**दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गर्ने र वित्तीय व्यवस्थापनमा राष्ट्रिय नीति तथा मापदण्ड अन्तर्गत रहेर स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने ।**

**१०.३५.१** विद्यालय तथा शैक्षिक संस्था सञ्चालनबाट प्राप्त मुनाफा सम्बन्धित संस्थाको विकास तथा शैक्षिक क्षेत्रमा लगानी गर्नुपर्ने कानूनी व्यवस्था गरिनेछ ।

**१०.३५.२** सार्वजनिक निजी साझेदारीको अतिरिक्त सामाजिक उत्तरदायित्व सहितको सार्वजनिक निजी साझेदारी (SRPPP-Socially Responsible Public Private Partnership) मा विद्यालयहरू सञ्चालन व्यवस्था गर्नुका साथै शिक्षामा सहकारीले पनि लगानी गर्न पाउने कानूनी व्यवस्था गरिनेछ ।

**१०.३५.३** विदेशी विकास साझेदारसँग साझेदारी गर्न र सहयोग प्राप्त गर्नु अघि सङ्घीय सरकारको पूर्वस्वीकृति लिइनेछ र उद्यमी,व्यवसायीसँग साझेदारी गरी शिक्षाका लागि लगानी व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिनेछ ।

**१०.३५.४** नतिजामा आधारित अनुदान तथा बजेट प्रवाह पद्धतिलाई उपलब्धिसँग आबद्ध गराई सशर्त अनुदान (Ear-marked/Conditional Grant), भौतिक पूर्वाधार विकासका लागि एकमुष्ट अनुदान (Block Grant) प्रवाह गरी स्रोत विनियोजन पद्धतिलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

(ठ) **विज्ञान तथा प्रविधि**

**नीति १०.३६ विज्ञान तथा प्रविधिको अध्ययनको अवसर विस्तार गर्ने सो सम्बन्धी शिक्षण संस्थाहरूको विस्तार एवं सवलीकरण गर्ने र आम जनसमुदायमा विज्ञान सम्मत व्यवहार विकास गर्ने ।**

**१०.३६.१** नागरिकहरूमा वैज्ञानिक चेतना विस्तारका लागि विज्ञान केन्द्रहरू स्थापित गर्ने, विद्यालयमार्फत बृहत्तर प्रकारको विज्ञान अभियानहरू सञ्चालन गर्ने, सञ्चार माध्यममार्फत जनस्तरसम्म उपयोगी विज्ञान तथा प्रविधिका सूचनाहरू प्रसार गर्ने जस्ता कार्यहरू सञ्चालन गरिनेछ ।

**१०.३६.२** विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी (TalentHunt) विशिष्टकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गरिनुका साथै योगदानका आधारमा वैज्ञानिक प्रतिभाहरूलाई कदर एवं पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

**१०.३६.३** विज्ञान तथा प्रविधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विद्यार्थीबिच अन्तर कम गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समन्यायिक पहूँच विस्तार गरिनेछ ।

**१०.३६.४** वैज्ञानिक प्रतिभा प्रवर्द्धन गर्न विज्ञान प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गरिनेछ ।

**नीति १०.३७ बिज्ञान, प्रबिधि, कला तथा गणित शिक्षा (STEAM Education) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकास तथा विस्तार गर्ने ।**

**१०.३७.१** प्रारम्भिक तह देखिनै बिज्ञान, प्रबिधि, इञ्जिनियरिङ्, कला तथा गणितसँग सम्बन्धित बिषयहरूमा बालबालिकाहरूको रूचि, सहभागिता, संलग्नता, र क्षमता बिकास गर्न सहयोग गरिनेछ ।

**१०.३७.२** विद्यालय शिक्षाका विभिन्न बिषयहरूमा (भाषा, साहित्य, कला, संस्कृति, इतिहास, भूगोल आदि) र स्थानिय पाठ्यक्रमको विकासमा समेत STEAM को अवधारणा एकीकृत गरिनेछ ।

**(ड) एकिकृत पाठ्यक्रम**

**१०.३८.** आधारभूत तहमा एकीकृत ढाँचाको पाठ्यक्रम विकास गर्ने ।

१०.३८.१ सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ( Interdisciplinary ) ढाँचाको पाठ्यक्रमका रुपमा हाम्रो सेरोफेरो विषयमा समावेश गरिने छ ।

१०.३८.२ पाठ्यक्रमको समग्र संरचनामा हाम्रो सेरोफेरो गणित नेपाली भाषा, अंग्रेजी भाषा विषय क्षेत्रलाई समावेस गरी बहुविषयक ( Multidicipilinary ) ढाँचाको एकीकृत पाठ्यक्रम तयार पारिने छ ।

१०.३८.३ कक्षा १–३ का विद्यार्थीहरुका लागि आवश्यक हुने ब्यवहारकुशल सीपहरु ( Soft Skill ) लाई आवश्यकतानुसार सवै विषयक्षेत्रमा एकीकृत गरिने छ ।

## ११.नीति कार्यान्वयनको जिम्मेवारी

बराहक्षेत्र नगरपालिकाको शिक्षा नीतिको लक्ष्य तथा उद्देश्यहरूको अधीनमा रही नीति, रणनीति र कार्यनीतिमा उल्लेख भएका नगर शिक्षा नीति कार्यान्वयनको जिम्मेवारी संघ र प्रदेशका अतिरिक्त नगरपालिकाको निम्नानुसार हुनेछ :

**११.१** प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

**११.२** आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

**११.३** अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

**११.४** निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

**११.५** अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

**११.६** खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

**११.७** आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुमती, स्वीकृति, व्यवस्थापन र नियमन

**११.८** मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

**११.९** प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

**११.१०** गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

**११.११** विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

**११.१२** विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

**११.१३** स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वियन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

**११.१४** विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

**११.१५** राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

**११.१६** विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

**११.१७** सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

**११.१८** आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

**११.१९** स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,

**११.२०** अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

**११.२१** स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्द्धन, र स्तरीकरण,

**११.२२** सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

**११.२३** विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

**११.२४** शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

**११.२५** स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

**११.२६** विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन तथा व्यवस्थापन,

**११.२७** अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

**११.२८** सह क्रियाकलाप , अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन

**११.२९** विव्यस पदाधिकारी, प्र.अ., शिक्षक तथा कर्मचारी र विद्यार्थीहरुको अध्ययन तथा अवलोकन भ्रमणको योजना तर्जुमा, सहयोग, अनुगमन, मूल्याङकन र नियमन

## १२. संस्थागत व्यवस्था

बराहक्षेत्र नगरपालिकाको शिक्षा नीति, २०७६ कार्यान्वयनका लागि आवश्यकता अनुसार संस्थागत संयन्त्र र संगठन संरचनाको व्यवस्था गरिनेछ। नीतिगत संरचनाको रुपमा नगर सभा, नगर कार्यपालिका, सामाजिक विकास समिति, नगर शिक्षासमिति, शिक्षा, युवा तथा खेलकुद शाखा,आधारभूत शिक्षा परीक्षा समिति, सम्बन्धित वडा कार्यालय, विद्यालय, पधानाध्यापक बैठक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, आमा समुह, पुर्व विद्यार्थी मञ्च, शिक्षक स्टाफ बैठक, शिक्षकहरुको विषयगत समिति, बालसंजाल/बालक्लब, विपद व्यवस्थापन समिति लगायतका संयन्त्रहरू स्थापना गरिनेछ।

## १३.आर्थिक पक्ष

शिक्षामा लगानीको प्राथमिकताका दृष्टिले बराहक्षेत्र नगर पालिका भूमिका महत्वपूर्ण रहनेछ। यो शिक्षा नीतिको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकावाट स्रोत व्यवस्था गरिनेछ। सरकारको अतिरिक्त निजी र सहकारी क्षेत्रबाट समेत विद्यालय तथा उच्च शिक्षा प्रदायक शिक्षण संस्थाको सञ्चालनमा स्रोत परिचालन हुनेछ। व्यक्ति, समुदाय र अभिभावकहरूलाई स्वेच्छिक रूपमा शिक्षाको विकासका लागि स्रोत व्यवस्थापन र वित्तीय योगदान गर्न प्रोत्साहित गरिनेछ। नगर पालिकाको आवधिक योजनामा यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गरिनेछ।

## १४. कानुनी पक्ष

नगर शिक्षा नीति, २०७६ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन,नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ :

**(क)** प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि संघिय सरकार द्धारा जारी शिक्षा ऐन, २०२८ को प्रतिस्थापन गर्ने संघिय र प्रादेशिक कानूनसँग नबाझिने कानून तर्जुमा गरी लागू गरिनेछ ।

**(ख)** विद्यार्थी वित्तीय सहायता र उत्कृष्ट, विपन्न तथा पछाडी पारीएका वर्गलाई छात्रवृत्ति व्यवस्थापन, लगायतका विषयमा आवश्यक कानूनी व्यवस्था मिलाइनेछ ।

**(ग)** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन, व्यवस्थापन एवं नियमनका लागि संघीय सरकारले तयार गरेको नियामावली अनुसार गरीनेछ ।

**(घ)** यो नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ

## १५. अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण

नगर शिक्षा नीति, २०७६ को कार्यान्वयनको समग्र स्थितिको बार्षिक तथा आवधिक मूल्याङ्कन नगर शिक्षा समिति, सामाजिक विकास समिति, नगर कार्यपालीकाले गर्नेछ । त्यसैगरी शिक्षा विकास तथा समन्वय ईकाई सुनसरी, जिल्ला समन्वय समिति सुनसरी, विव्यस, शिअसंघ, आमा समुह, विभिन्न साझेदार संस्थाहरु लगायतका निकायहरूले आ-आफ्नो क्षेत्राधिकार भित्र रही नियमित अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण कार्य गर्नेछन् । शिक्षा, युवा तथा खेलकुद शाखाले आफ्नो क्षेत्रभित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्नेछन् । नीतिको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षणका लागि मापदण्ड एवं सूचकहरूको विकास गरी ती सूचकहरूको आधारमा अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गरिनेछ । नीति कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्ने मुख्य जिम्मेवारी बराहक्षेत्र नगर कार्यपालिका र बराहक्षेत्र नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको हुनेछ । नीति कार्यान्वयनको प्रत्येक बर्ष समीक्षा गरिनेछ ।

## १६. जोखिम र जोखिम व्यवस्थापन

नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलन गरी निरूपणका उपायहरू अवलम्बन गरिनेछ । नगर शिक्षा नीति, २०७६ कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू देहायबमोजिम हुनसक्ने आँकलन गरिएको छ –

**जोखिमहरू**

**(क)** प्रारम्भिक चरणमा रहेकोले शिक्षा नीति लागू गर्ने क्रममा स्थानीय तहमा प्रदेश, संघ, तथा अन्य संघ संस्थाहरुको सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु जोखिमपूर्ण रहने देखिन्छ ।

**(ख)** स्वशासित निकायका कर्मचारीहरु, विद्यालयका शिक्षक तथा कर्मचारीहरु, शिक्षकहरू र गैर शैक्षिक क्षेत्र तथा शैक्षिक सरोकारवालाहरुको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्नेछ ।

**(ग)** स्थानिय तहबाट यो निती कार्यन्वयन गर्नका लागी यथेस्ट बजेट विनीयोजन गर्न कठिनाई हुनेछ ।

**(घ)** नीति कार्यान्वयनमा सार्वजनिक क्षेत्रको तुलनामा निजी क्षेत्रको भूमिका सहायक हुने भएकोले निजी क्षेत्रलाई क्रमशः सेवामूलक बनाउँदै लैजाने रणनीतिले गर्दा शिक्षा विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिरहने कार्यमा जोखिम रहन सक्नेछ ।

**(ङ)** संघीय, प्रदेश र सरोकारबालाहरुले समग्र विकासका लागि निश्चित प्रतिशत लगानी गर्ने प्रतिबद्धता कार्यान्वयन हुन नसके यो नीति कार्यान्वयनमा जोखिम रहने देखिन्छ ।

**जोखिम न्यूनीकरण**

देहायका उपायहरू अवलम्बन गरी उपरोक्त जोखिमहरू न्यूनीकरण गर्न सकिने देखिन्छ :

**क**) शिक्षा क्षेत्र हेर्ने शिक्षा प्रमुखको नेतृत्वमा संघ, प्रदेश र शिक्षा विकास तथा समन्वय इकाई सुनसरीसँग समन्वय गरिनेछ ।

**ख**) नीति कार्यान्वयनको प्रभावकारिताका लागि सम्बन्धित सरोकारवालाहरूसँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी समझदारी एवं सहकार्यद्वारा नीतिप्रतिको स्वीकारोक्तिको वातावरण बनाइनेछ ।

**ग**) नगर सभावाट शिक्षा नीति कार्यान्वयन गर्नका लागि आवश्यक वजेट छुट्याउने वातावरण श्रृजना गरिनेछ । साथै शिक्षामा व्यक्ति र अभिभावकहरूको स्वेच्छिक लगानीलाई प्रोत्साहन गर्ने रणनीति अवलम्बन गरिनेछ

**घ**) सामुदायिक विद्यालयमा वालवालिका आउँ आउँ लाग्ने वातावरणको सृजना गरिनेछ ।

## १७. नीति परिमार्जन सम्बन्धी व्यवस्था

यो नीति जारी हुनपूर्व नगर कार्यपालिकाबाट जारी कार्यविधि, नगर शिक्षासमिति बराहक्षेत्र वा शिक्षा, युवा तथा खेलकुद शाखा बराहक्षेत्रबाट भए गरेका कार्यहरु यसै नीति अनुसार भए गरेको मानिनेछ । यस नीतिमा उल्लेख भएका कुनैपनि नीति सङ्घीय, प्रादेशिक वा अन्य कुनै प्रचलित नीतिसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन । यस नीतिमा उल्लेख नभएका कुराहरु राष्ट्रिय शिक्षा नीति बमोजिम हुनेछन । यसको परिमार्जन सम्बन्धि सम्पुर्ण अधिकार बराहक्षेत्र नगर सभामा रहनेछ ।

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** राजेश प्रसाद पोखरेल

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** ३६

**मिति :** २०७७।०४।०१

**कार्यालयको छाप :**

नगर कार्यपालिकाको कार्यालय
बराहक्षेत्र नगरपालिका
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल